
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत १६ गते शुक्रबार ❑ 29 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## देशको विकास र समृद्धि प्रजातन्त्रमा मात्रै सम्भव

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले देशको समृद्धि र विकास प्रजातन्त्रमा मात्रै सम्भव हुने बताउनुभएको छ।

नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घका गण्डकी प्रदेशका नवनिर्वाचित पदाधिकारी तथा सदस्यको सम्मानमा नेपाली कांग्रेस गण्डकी प्रदेश भातृ सङ्घ समन्वय विभागद्धारा बिहीबार पोखरामा आयोजित बधाई तथा शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले यस्तो कुरा बताउनुभएको हो । समाजवादको मूल आधार प्रजातन्त्र भएको हुँदा त्यसलाई बलियो बनाउन कांग्रेसका हरेक कार्यकर्ता सक्रिय हुनुपर्नेमा उहाँको जोड थियो । गण्डकी प्रदेश जनजातिको बाहुल्यता भएको प्रदेश भएकाले उनीहरुमा सम्मृद्धि क्षमता विकासका कांग्रेसले आफ्ना नीति तथा कार्यक्रम अगाडि सार्नुपर्ने भनाइ उहाँको छ । प्रजातन्त्रका प्रत्येक आन्दोलनमा गण्डकी प्रदेशका आदिवासी जनजातिले खेल्दै आएको योगदानलाई भुल्न नसकिने बताँउदै उहाँले जनजातिले आफ्नो संस्कृति, वेषभूषा र रीतिरिवाजलाई विर्सन नहुनेमा जोड दिनुभयो । 'माओवादी द्वन्द्वमासमेत विचलित नभएका कांग्रेस कार्यकर्ताले प्रजातन्त्रको रक्षाका निम्ति पुऱ्याएको योगदान अतुलनीय छ, सभापति शर्माले भन्नुभयो,"कांग्रेस बलियो बनाउन सक्यौँ भने हरेक व्यक्तिले स्वतन्त्रपूर्वक बाँच्न र आफ्ना गतिविधि निर्धक्कसाथ सञ्चालन गर्न सक्छ।" 'प्रजातन्त्रमा मात्र व्यक्ति स्वतन्त्रता, स्वतन्त्र प्रेस तथा स्वतन्त्र न्यायालयको सम्भव छ, नेता शर्माले भन्नुभयो-"बिपीको प्रजातान्त्रिक समाजवादको बाटोबाट कांग्रेस अगाडि बढ्न जरुरी छ।" कांग्रेस जनतालाई नै मालिक मानेर अगाडि बढ्न पार्टी भएकाले सम्पूर्ण नेपालीको भविष्य कांग्रेसमा नै भएको भनाइ उहाँको छ। देशमा भएका भ्रष्टाचारलाई नियन्त्रण गरी आम जनतामा सुशासनको प्रत्याभूति दिलाउन कांग्रेसले आफ्नो अभियान देशव्यापी रुपमा सञ्चालन गर्दै नेपाली जनतालाई कांग्रेसप्रति आकर्षित गर्न जरुरी भएको उहाँको भनाइ छ । नेपाली कांग्रेस गण्डकी प्रदेशका उपसभापति कल्पना तिवारीले भूगोलको मात्र नेपाल नभएर यहाँका हरेक जातिको धर्म, संस्कृति, भाषा, रीतिरिवाज र वेशभूषा पनि नेपाल भएको बताउनुयो । यहाँका हरेक जाताजातिको महत्व त्यतिकै भएकाले पछाडि परेको जातजातिको सर्वाङ्गीण विकासका लागि कांग्रेसले आफ्नो ध्यान केन्द्रित गर्नुपर्नेमा उहाँको जोड थियो । कांग्रेस गण्डकी प्रदेशका महामन्त्री विष्णुप्रसाद लामिछानेले कांग्रेसका हरेक कार्यकर्ताले पार्टीको हितमा सक्रिय भएर काम गर्न सक्यौँ भने कांग्रेस बलियो हुने बताउनुभयाो । सो अवसरमा कांग्रेसका नेता माधव बास्तोला, कोपिला रानाभाट, सीता गुरुङ, नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घका गण्डकी प्रदेशका नवनिर्वाचित अध्यक्ष जीतबहादुर गुरुङ लागायतले आफ्नो भनाइ राख्नु भएको थियो । उक्त बधाई तथा शुभकामना कार्यक्रममा कांग्रेस गण्डकी प्रदेश भातृ सङ्घ समन्वय विभागका प्रमुख अजित क्षेत्रीको अध्यक्षतामा भएको थियो।

## एसइईमा गण्डकीका ४० हजार बढी विद्यार्थी सहभागी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत

बिहीबारदेखि सुरु भएको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा गण्डकी प्रदेशका ४० हजार नौ सय आठ विद्यार्थी सहभागी भएका छन् ।

प्रदेशको ११ जिल्लामध्ये सबैभन्दा बढी कास्कीबाट १० हजार दुई सय २३ र सबैभन्दा कम मनाङबाट ४० विद्यार्थीले एसइई दिने प्रदेश शिक्षा विकास निर्देशनालयले जनाएको छ।

निर्देशनालयका अनुसार बागलुङबाट चार हजार तीन सय ९९, पर्वतबाट दुई हजार २८, म्याग्दीबाट एक हजार नौ सय ३८, मुस्ताङबाट एक सय ८८ र स्याङ्जाबाट चार हजार एक सय २४ विद्यार्थी परीक्षामा सहभागी भएका छन् ।

यसैगरी गोरखाका तीन हजार छ सय ६२, लमजुङका दुई हजार छ सय ७९, तनहुँका पाँच हजार चार सय ६२ र नवलपुरका छ हजार एक सय ६५ परीक्षार्थी सहभागी रहेका निर्देशनालयका अधिकृत खेमराज पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार परीक्षा सञ्चालनका लागि दुई सय १४ परीक्षा केन्द्र कायम गरिएको छ। प्रदेशभरबाट सामुदायिक र संस्थागत गरी कुल एक हजार तीन सय ३२ विद्यालयका विद्यार्थी एसइईमा सहभागी भएका पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार कुल परीक्षार्थीमध्ये नियमिततर्फका ३९ हजार ४२, प्राविधिक धारका एक हजार तीन सय ९० र ग्रेडवृद्धितर्फका चार सय ८६ रहेका छन् ।

परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन दुई सय १४ केन्द्राध्यक्ष, तीन सय ७२ सहायक केन्द्राध्यक्ष, दुई हजार एक सय ४४ निरीक्षक, पाँच सय १८ परीक्षा सहायकसहित कार्यालय सहयोगी र सुरक्षाकर्मी परिचालन गरिएको निर्देशनालयले जनाएको छ।

## पोखरा १३ को स्वास्थ्य शिविरबाट २ सय जना लाभन्वित

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत



पोखरा महानगरपालिका १३ मा भएको निशुल्क स्वास्थ्य शिविरबाट २ सय जनाले लाभ लिएका छन् ।

पोखरा १३ र पोखरा नर्सिङ क्याम्पसको संयुक्त आयोजनामा बिहीबार भएको शिविरमा विभिन्न रोगको उपचार गरिएको थियो । शिविरमा आँखा, ब्लड प्रेसर, सुगरलगायत रोगको उपचार गरिएको थियो । पश्चिमाञ्चल क्षेत्रिय अस्पताल र दृष्टि आँखा हस्पिटल प्रालिको प्राविधिक सहयोगमा भएको शिविर डा. सूर्यबहादुर हमाल र डा. किशोर भण्डारीको नेतृत्वमा भएको थियो । शिविरको व्यवस्थापन शहरी स्वास्थ्य केन्द्र पोखरा १३ ले गरेको थियो।

शिविरमा ६० जनाको आँखा र १ सय जनाको सुगर, युरिनलगायत, ब्लड प्रेसर जाँच गरिएको शहरी स्वास्थ्य केन्द्र पोखरा १३ की जनस्वास्थ्य निरिक्षक राधा गरब्जाले जानकारी दिइन्। 'कार्यक्रम निकै सफलतापूर्वक सम्पन्न भयो । २

बाँकी अन्तिम पृष्ठमा ▶▶

## वर्षाले राजमार्ग विस्तार कार्य प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत



वर्षाका कारण पृथ्वी राजमार्गअन्तर्गत पोखरा-मुग्लिन सडक विस्तारको काम प्रभावित बनेको छ।

वर्षाले तनहुँको थर्पु, तुरतुरे, कास्कीको तल्लो गगनगौँडालगायत खण्डमा कालोपत्रको काम रोकिएको छ । पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम खण्डका प्रमुख राजेशप्रसाद पौडेलले भन्नुभयो, "दुई किलोमिटर क्षेत्रमा प्राइमर बिछ्याइसकिएको थियो, वर्षा भइरहेका कारण कालोपत्रको काम रोकिएको छ ।" वर्षाकै कारण काम दुई हप्ता पछाडि धकेलिएको र अन्य पूर्वाधारका काम पनि प्रभावित भएको उहाँको भनाइ छ।

आयोजना प्रमुख पौडेलले आगामी असारभित्र ३० प्रतिशत प्रगति हासिल गर्ने लक्ष्यसहित कामलाई गति दिइएको बताउनुभयो। पाँच सयभन्दा बढी मजदुर निर्माणमा खटिएका छन् । सडक विस्तारसँगै पुल, कल्भर्ट, नालीलगायत पूर्वाधार तयारीको काम भइरहेको छ। कुनै अवरोध नआएमा आगामी दुई वर्षभित्र आयोजनाको काम सम्पन्न हुने उहाँले बताउनुभयो । तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्म ३८ दशमलव ८८ किमी दूरी रहेको पश्चिम खण्डको आधा क्षेत्र पाँच लेन र आधा जति चार लेनको बन्ने आयोजना प्रमुख पौडेलले जानकारी दिनुभयो।

हाल सडक विस्तार भइरहेकाले प्रदेश राजधानी पोखरा छिर्ने मुख्य सडकको यात्रामा सर्वसाधारण सास्ती खेप्न बाध्य छन्। घाम लाग्दा सडक धुलाम्मे र वर्षा हुँदा हिलाम्मे हुँदा यातायात सञ्चालनमा असहज भएको छ। दैनिकजसो भइरहेको वर्षाका कारण ट्राफिक व्यवस्थापनमा पनि समस्या निम्तिएको जनाइएको छ। आयोजनाको पूर्वी खण्डमा पनि वर्षाका कारण सडक विस्तार र कालोपत्रको काम प्रभावित भएको छ। एकचालीस दशमलव ४५ किलोमिटर दूरीको पूर्वी खण्डमा हालसम्म ५१ प्रतिशत प्रगति भएको इन्जिनियर विष्णु पाण्डेले जानकारी दिनुभयो।

एसियाली विकास बैंकको सहयोगमा पोखरा-मुग्लिन सडक विस्तारको काम भइरहेको छ। कूल ८१ किमि दूरीको उक्त सडकको पश्चिम खण्डमा पोखरा-जामुने र पूर्वी खण्डमा जामुनेदेखि मुग्लिनसम्मको सडक पर्छ।

## अहिलेको सत्ता समीकरण स्वार्थको गठबन्धन होइन : अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत

पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले अहिले बनेको सत्ता समीकरण स्वार्थसिद्धिका लागि गरिएको गठबन्धन नभएको बताउनुभएको छ। उहाँले सरकारमा सामेल दलहरु मुलुकको समृद्धिप्रति प्रतिबद्ध भएको बताउनुभयो।

नेकपा एमाले झापाको ११ औं जिल्ला अधिवेशनको आज विर्तामोडमा उद्घाटन गर्दै उहाँले समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न वर्तमान सरकार क्रियाशील रहेको बताउनुभयो।

समिकरणमा सामेल दलहरुले जारी गरेको साझा सङ्कल्पको सातौँ बुँदामा समृद्ध नेपाल र सुखी नेपालीको नारा साकार पार्ने सरकारको गन्तव्य प्रष्ट रुपमा उल्लेख रहेको उहाँले स्मरण गराउनुभयो । उहाँले यसअघि नेपाली कांग्रेसको नेतृत्वमा बनेको गठबन्धनको नेकपा एमालेलाई जसरी पनि घेराबन्दी गर्ने लक्ष्य रहेको दाबी गर्नुभयो।

उहाँले नेकपा एमाले र नेपाली कांग्रेसबीच समीकरण बन्न नसक्ने स्पष्ट पार्दै उनीहरुबीच स्वस्थ राजनीतिक प्रतिस्पर्धा हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । "अमेरिकामा हेर्नुहोस्, त्यहाँ दुई पार्टी छन्," उहाँले भन्नुभयो-"चार वर्षमा चुनावी प्रतिस्पर्धा गर्छन् । दुबै दल मिलेर सरकार चलाएको त्यहाँ कुनै उदाहरण छैन ।" उहाँले महाभारतयुद्धमा अर्जुनले चराको आँखालाई अर्जुनदृष्टि बनाए झैं एमालेले अरु सबै कुरा छाडेर भए पनि 'मिसन ८४' लाई हेरिरहेको बताउनुभयो। विसं २०८४ को आम चुनावमा एमालेले कसैले ढाल्न नसक्ने गरी एकल बहुमतको सरकार बनाउन चाहेको स्पष्ट पार्नुभयो। कांग्रेसले विगतमा नेकपा एमालेप्रति निषेधको राजनीति गरेको जनाउँदै उहाँले एमालेले कहिल्यै पनि निषेध, हिंसाको राजनीति नगर्ने धारणा व्यक्त गर्नुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'निजी क्षेत्रलाई उत्साहित पार, मानमर्दन नगर'

पोखरापत्र संवाददाता
पोखरा, १५ चैत

सुस्ताउँदो अर्थतन्त्रलाई गति दिन निजी क्षेत्रलाई उत्साहित बनाउनुपर्ने र उत्पादनमुलक क्षेत्रमा लगानी बढाउनुपर्नेमा यो क्षेत्रका अगुवाहरु सहमत भएका छ । उनीहरुले राजनीतिक परिवर्तनले मात्र आर्थिक समृद्धि सम्भव नहुने भएकाले निजी क्षेत्रलाई साथ लिएर अगाडि बन सरकारसँग आग्रह पनि गरेका छन् । पछिल्लो समय सरकारबाटै निजी क्षेत्रको मानमर्दन हुनेखालका गतिविधि भएकोमा उनीहरुले चिन्ता पनि जाहेर गरेका छन् । पोखराको पर्यटन प्रवर्द्धन, निजी क्षेत्रको साझा एजेण्डा निर्माण तथा सहकार्यको उद्धेश्यसहित पोखरा उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलले चैत ८ देखि १४ गतेसम्म नेपालका विभिन्न उद्योग वाणिज्य संघहरुमै पुगेर गरेको अन्तरर्क्रियाको क्रममा यस्तो निष्कर्ष निस्केको हो ।

भक्तपुर, धुलिखेल, सिन्धुपाल्चोक,दोलखा, रामेछाप, सिन्धुली, उदयपुरको कटारी र त्रियुगा, सुनसरीको धरान, झापाको बिर्तामोड उद्योग वाणिज्य संघ, इलाम, पाँचथर, तेह्रथुम,महोत्तरीको बर्दीबास तथा मकवानपुरको मकवानपुर उद्योग वाणिज्य संघको भ्रमण गरेको थियो । 'हामीले संघीय राजधानी काठमाडौंको भक्तपुरदेखि दोलखा,मधेश र र पूर्वी पहाडी जिल्लाका व्यवसायीहरुसँग छलफल गर्‍यौं, देशैभरका व्यवसायीहरु यतिबेला निराश रहेको पायौं,' अध्यक्ष प्रजापतिले भने,' पोखराको प्रवर्द्धन र निजी



क्षेत्रका साझा एजेण्डा तय गर्ने हेतुले भ्रमणमा निस्केका थियौं, भ्रमणको क्रममा हाम्रै छाता संगठन (नेपाल उद्योग वाणिज्य महासंघ) का गतिविधिहरुको पनि समीक्षा गरियो ।'

पुराना सहरमा व्यापार नै सुस्त हुँदा व्यवसायीको पलायन दर बढेको एवं नयाँ नगरपालिकामा रहेका व्यवसायीहरुमा पनि करलगायतका समस्याका कारण थप लगानी गरौँ भन्ने भावना जाग्न नसकेको अनुभव पनि अध्यक्ष प्रजापतिले सुनाए । उनका अनुसार देशभर सडक सञ्जाल बिस्तार हुँदा नयाँ सम्भावनाको ढोका भने खुलेको छ । 'पूर्वका गाउँगाउँमा मोटर बाटो पुगेको छ । त्यहाँ उत्पादित बस्तुहरु मुख्य सहरमा ल्याउन सकिने अवस्था छ तर गाउँमै पनि उत्पादन घटेको र भएका उत्पादनहरुको पनि बजारीकरणमा समस्या रहेको हामीले अनुभव गर्‍यौं,'उनले भने,'सरकारले निजी क्षेत्रसँग सहकार्यको हात बढायो भने गाउँमा उत्पादन बढाउने, त्यसको बजारीकरण गर्ने तथा आत्मनिर्भर अर्थतन्त्रको दिशामा अगाडि बढ्ने सम्भावना चाहिँ देखिएको छ ।' उनले उद्योगी/व्यवसायीहरुको छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघका कामप्रति सवैजसो क्षेत्रका व्यवसायीहरुले असन्तुष्टि जनाएको बताउँदै त्यो असन्तुष्टि संवोधनको लागि महासंघलाई घच्घच्याउने र त्यसको नेतृत्व पोखरा उद्योग वाणिज्य संघले लिने पनि बताए । भ्रमण दलका संयोजक तथा पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले भमणले पोखरा प्रवर्द्धनमा ठूलो भूमिका खेलेको र आउँदा दिनमा त्यसको प्रतिफल पाइने जिकिर गरे । 'हामीले पोखराको प्रवर्द्धनको लागि कुनै कसर बाँकी राखेका छैनौं, उद्योगी-व्यवसायीहरुबीच नेटवर्क बिस्तार गर्दै सहकार्यको सहमति पनि बनेको छ,'उनले भने,'तर,पोखरा आउने राजमार्गको दुरावस्थाप्रति साथीहरु चिन्ता जाहेर गर्नुभएको छ । राजमार्गको स्तरोन्नति छिटो हुनुपर्‍यो,पोखराबाट देशका विभिन्न सहरमा हवाइ उडान सुनिश्चित गर्नुपर्‍यो ।'

उनका अनुसार पछिल्लो समय पालिकाहरुले निजी क्षेत्रसँग सहकार्य गर्न अनिच्छुक देखिएको र प्रोत्साहनको सट्टा कसरी बढी राजश्व संकलन गर्ने भन्नेतर्फ लाग्दा पनि व्यावसायिक वातावरण बन्न नसकेको निष्कर्ष पनि व्यवसायीहरुको रहेको छ ।

संघका उद्योगतर्फका उपाध्यक्ष देवेन्द्र केसीका अनुसार अन्तर्क्रियाको क्रममा नेपालका सवैजसो जिल्लाका उद्योगी/व्यवसायीहरुले बैंकको चर्को व्याजदर, उत्पादनमुलक क्षेत्रको लागि सहुलियतपूर्ण करको दर निर्धारण नगरिएको एवं लगानीको सुरक्षाको ग्यारेण्टीप्रति सरकार उदासिन रहेको गुनासो गरेका थिए ।

'निजी क्षेत्रले निराशा व्यक्त गरेको छ तर हरेस खाएको छैन, तीन तहका सरकारले गतिलो नीति ल्याउने हो भने व्यवसायीहरुले थप लगानी गर्न तयार भएको हामीले पायौं,' उनले भने,'सहकार्यको लागि पनि यो भ्रमण फलदायी भएको भएको छ ।' संघका महासचिव बलराम आचार्यका अनुसार भ्रमणको क्रममा हिजोका व्यवसायी तथा हालका जनप्रतिनिधि, महासंघका केन्द्रीय सदस्यहरुसँग पनि छलफल र अन्तर्क्रिया गरिएको थियो । महासचिव आचार्यका अनुसार अध्यक्ष पवनकुमार प्रजापतिको नेतृत्वमा रहेको भ्रमण दलमा वरिष्ठ उपाध्यक्ष तथा भ्रमण संयोजक गोकर्ण कार्की,उद्योगतर्फका उपाध्यक्ष देवेन्द्र केसी,महासचिव बलराम आचार्य, उपमहासचिव शोभा गौतम, सदस्यहरु प्रभा सुवेदी सुदीप प्रधानाङ्ग,मनोज श्रेष्ठ,लीलधर चपाइँ र प्रदीप राजभण्डारी सहभागी थिए । महासचिव आचार्यले जिल्ला- नगर उद्योग वाणिज्य संघहरुले भोग्नुपरेका तथा उद्यमशिलता र रोजगारी सिर्जनामा भएका नयाँ प्रयासहरुको जानकारी प्राप्तिले भ्रमण सफल भएको बताए ।

# घान्द्रुक महोत्सवको तयारी तिव्र, भलिवल तथा बास्केटवल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, १५ चैत

कास्कीको पर्यटकीय गाँउ घान्द्रुकमा घान्द्रुक पर्यटन महोत्सव २०८० को तयारी तिव्र पारिएको छ ।

घान्द्रुक पर्यटन व्यवस्थापन समिति घान्द्रुक(अन्नपूर्ण १० र ११) को आयोजनामा यही चैत २७ दखि ३० गतेसम्म संचालन हुने उक्त महोत्सवको तयारी तिव्र पारिएको आज पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईएको हो । "सबै मौसममा पर्यटन,"स्वाथ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद" भन्ने नाराका साथ मेश्रम बराह माविको परिसरमा हुने उक्त महोत्सवमा विभिन्न सांस्कृतिक तथा राष्ट्रिय तथा स्थानिय कलाकारको बिषेश प्रस्तुती रहने भएको महोत्सवका प्रचार संयोजक अमृत गुरुङ (लामा) ले बताउनु भयो ।




महोत्सवको अवसरमा आयोजना हुने खुल्ला क्लव स्तरिय पुरुष भलिवल प्रतियोगिताको विजेताले १ लाख ११ हजार १ सय ११, उपविजेतालाई ७० हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरिने भएको छ । त्यसै गरी महोत्सवमा बास्केटवल प्रतियोगिताका बिजेतालाई १ लाख उपविजेतालाई ६० हजार प्रदान गरिने भएको छ । प्रतियोगितामा करिब १४ टिमको सहभागिता हुने आफुहरुलदे अपेक्षा गरेको सुनिल गुरुङले बताउनु भयो । त्यस्तै महोत्सवको अवसरमा घोडचढी प्रतियोगिता, छेलो प्रतियोगिता, महिला तर्फको भलिवल, चक्रीय दौड लगायतका खेल गतिविधि हुने भएको छ । महिला तर्फको भलिवलमा प्रथम पुरस्कार ३० हजार, दोश्रो २० हजार ट्रफि मेडल प्रमाण पत्र वितरण गरिने भएको छ । राष्ट्रिय खेल खेलेको बढीमा २ जना खेलाडी एक टिममा सहभागिता गराउन पाइने भएको समितिले जनाएको छ । घोडचढीको बिजेताले ५५ हजार ५ सय ५५, उपविजेताले २७ हजार ७ सय ७७ रूपैया प्रदान गरिने भएको छ । उक्त महोत्सवले घान्द्रुक क्षेत्रको खेल पर्यटनको प्रबर्द्धनमा टेवा पुगेको समितिका अध्यक्ष बिक्रम गुरुङले बताउनु भयो । नेपाली नयाँ बर्षको पूर्व सन्ध्यामा हुने उक्त कार्यक्रमले गाँउ पर्यटनको समेत प्रचार प्रसार हुने उहाँले दाबी गर्नु भयो ।

उक्त महोत्सव सम्पन्न गर्न १७ लाख खर्च हुने आयोजकले जनाएको छ । महोत्सवको अवसरमा होटल आवासमा ३० प्रतिशत छुट हुने भएको छ । महोत्सवमा सहभागि हुने खेलाडीहरुलाई भने बिषेश छुटमा खानाको समेत व्यबस्था मिलाइएको छ । सादा खाना प्रति छाक २ सय चिकेन खानाको २ सय ५० रुपैया लिने भएको समितिले जनाएको छ । ढुङगेनी गाँउ घान्द्रुक पनि विश्वकै दोश्रो छोटो दुरी गन्तव्यमा पर्न सफल हुनुले आफुहरुको गाँउको विश्व सामु प्रचार प्रसार भएको स्थानियहरुले बताउनु भएको छ । महोत्सवमा स्थानिय रुपमा उत्पादन भएका खाद्य बस्तु सहितका सामाग्रिहरु प्रर्दशनीमा राखिने भएको छ ।

# कास्कीको माछापुच्छ्रे गाउँपालिमा ट्रान्सफर्मर चोरी

पोखरापत्र संवाददाता
पोखरा, १५ चैत

कास्कीको माछापुच्छ्रे गाउँपालिमा बिद्युत ट्रान्सफर्मर चोरी भएको छ ।

बुधबार राति ५० केभिए क्षमताको बिद्युत ट्रान्सफर्मर माछापुच्छ्रे गाउँपालिका ८ स्थित इदि खोलामा रहेको ट्रान्सफर्मर चोरी भएको माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ८ का वडा अध्यक्ष राम बहादुर गुरुङले बताए ।

विगत ५ महिना अघि नेपाल बिद्युत प्राधिकरणले मंसिरमा उक्त बिद्युत ट्रान्सफर्मर जडान गरेको थियो तर चाजीङ नगरेका कारण बिद्युत जडान नभएको अबस्थामा उक्त ट्रान्सफर्मर चोरी भएको हो । ट्रान्सफर्मर भित्रको तार चोरी गर्ने उद्धेश्यले ट्रान्सफर्मर चोरी भएको स्थानियले आशंका गरेका छन् । उक्त ट्रान्सफर्मर रहेको स्थान भन्दा करिब १५ मिटर तल खोलामा ट्रान्सफर्मरको बाहिरि कभर भेटिएको तर त्यस भित्रको तार भने निकालिएको अबस्थामा रहेको वडा अध्यक्ष गुरुङले बताए । सरकारी विधि र प्रकृया नै ढिला सुस्ती हुने कारणले गर्दा समाजमा यस्ता घटना हुने गरेको अध्यक्ष गुरुङले दाबी गरे । इदि खोला क्षेत्रमा स्थानिय केही कुखुरा पालक किसानले व्यवसायीक रुपमा कुखुरा पालना गर्दै आएको अबस्थामा बिद्युत सेवा प्रभावकारी नभएको अबस्थामा उक्त ट्रान्सफर्मर जडान गरे पनि प्रभावकारी बनाउने उद्धेश्यले ट्रान्सफर्मर मात्र राखिएको जसलाई समयमै बिद्युत जडान गर्न ढिलाई हुँदा त्यसको फाइदा चोरीले उठाएको हुन सक्ने स्थानियको भनाई छ । पोलमा करिब भुइबाट १० फुट माथि रहेको अबस्थामा उक्त ट्रान्सफर्मर चोरी हुँदा हालसम्म कसैले चोरी गर्नेहरुलाई पत्ता लगाउन सकेका छैनन् । अध्यक्ष गुरुङले आफ्नो फेसबुक स्टाटसबाट उक्त ट्रान्सफर्मर चोरी भएको घटना सार्वजनिक गर्दै भने हामी "छक्क परेका छौ, यो ट्रान्सफर्मर कता गयो होला, हिजो बाट यहाँ छैन । " यदि खोला क्षेत्रमा बिद्युत कम भोल्टेज भएको कारण समस्या भएकोले गर्दा छिटो छरियो रुपमा बिद्युत सेवा संचालन गर्न माग गर्दै आउने क्रममा उक्त ट्रान्सफर्मर केही समय अघि जडान गरे पनि त्यसलाई संचालनमा ल्याउदा ढिलाई गर्दा त्यसको फाइदा चोरहरुले लिएको अध्यक्ष गुरुङले जनाए । यस्ता चोरलाई पक्राउ गरी हदैसम्मको कारवाही गर्न उनले आव्हान समेत गरे । यदि कसैले ट्रान्सफर्मर भित्रको तार खरिद बिक्रि गरेको देखेको खण्डमा नजिकको प्रहरी समक्ष जानकारी गराउन समेत अध्यक्ष गुरुङले आग्रह गरे । उक्त घटनाको बिषयमा चोरी गर्ने व्यक्तिहरुको खोजी कार्य तिव्र पारिएको कास्की प्रहरीले जनाएको छ ।

# पोखरा ...

सय जनाको स्वास्थ्य परिक्षण गरिएको थियो, उनले भनीन्, 'धेरैको सुगर, युरिन र प्राटिनको जाँच गरिएको थियो । ६० जना जतिको आँखाको जाँच भयो ।' शिविरमा निशुल्क औषधि वितरण गरिएको पोखरा १३ का वडाध्यक्ष किरण बरालले जानकारी दिए ।

बिहान १० बजेदेखि सुरु भएको शिविर करिब ५ घण्टा चलेको उनले सुनाए । 'जनताको स्वास्थ्य सेवामा सहज पहुँच पुर्‍याउनका लागि शिविर सञ्चालन गरिएको हो,' उनले भने, 'आर्थिक अवस्था कमजोर भएका स्थानीयवासी वडामै स्वास्थ्य सेवा पाउँदा खुसी छन् ।'

# पोखरामा विश्व रंगमञ्च दिवसमा कविता मञ्चन

पोखरापत्र संवाददाता
पोखरा, १५ चैत

पोखरामा विश्व रंगमञ्च दिवस कविता मञ्चन कार्यक्रम गरेर मनाइएको छ ।

पोखरा थिएटरको आयोजनामा भएको 'रंगमञ्चमा कविता' कार्यक्रममा कवि राजु स्याङ्तानका तीन कविता मञ्चन गरिएको हो । नारायण न्यौपानेको परिकल्पना र निर्देशनमा भएको मञ्चन कार्यक्रममा न्यौपाने सहित कुमार तामाङ र ज्यास्मिन नेपालीले कविता वाचन गरेका थिए । कवितामाथि रंगकर्मी रमेशबाबु तिमल्सिना, रोशनी रामदाम, अनुशा परियार, मिलन श्रेष्ठ र रोहित पौडेलले अभिनयकला देखाए । कार्यक्रममा




नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्त श्रेष्ठले रंगमञ्च दिवसको विश्व सन्देश वाचन गरेका थिए । रंगमञ्चका विविध पक्षका बारेमा पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक श्रवण कुमार बिक, संस्कृतीकर्मी डा.तुलसी प्रभास, शिक्षाविद् अरुणा शेरचन, पोखरा थिएटरका अध्यक्ष परिवर्तन, इन्द्रेणी थिएटरका अध्यक्ष केदारनाथ पौडेल, रेनेसा थिएटरका अध्यक्ष एमडी काफ्ले, पद्यमा थिएटरका सुमन कार्की, पोखरा थिएटरका संस्थापक सदस्य दीलप्रसाद गुरुङ र सञ्चारकर्मी रघुनाथ वाग्लेले भनाइ राखे ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति चैत्र १५ गते बिहीबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्धारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# समस्यामा नेपाली प्रेस

नागरिक संस्था मध्येको जेठो संस्था नेपाल पत्रकार महासंघ संस्थापकबारे विवादरहित हुन सकेको छैन। बिसं २०१२ साल चैत १६ गते स्थापना दिवस र संस्थापक सभापति कृष्णप्रसाद भट्टराईलाई मान्न थालिएपछि विवाद देखिएको छ। केहीले २००८ सालमा नेपाल पत्रकार संघ गठन भएको जिकिर गरेका छन । इतिहासकार गृष्म बहादुर देवकोटाको किताबमा र प्रकृति अधिकारीको शोधपत्रमा २००८ सालमा स्थापना भएको उल्लेख छ । नेपाल पत्रकार महासंघले २०१२ साल चैत्र १६ गतेलाई स्थापना दिवस मान्न थालेको प्रजातन्त्र पुनःस्थापना पछि हो । नेपाल पत्रकार महासंघले ६९ औ दिवसको अवसरमा विभिन्न कार्यक्रम आयोजना गरेको छ।नेपालमा नागरिक अधिकारका लागि पत्रकारले संगठित तरिकाले आवाज उठाएको करिब सात दशक पुग्न लाग्दा पनि आधुनिक युगमा पनि नागरिक अधिकार र अभिब्यक्ति स्वतन्त्रताको पक्षमा आवाज उठाउनु परेको छ । साशक विरुद्ध बोल्न नपाउने, मुख थुन्ने र जेल पठाउने काम रोकिएको छैन । स्थापनाकालमा उठाइएका नागरिक अधिकार, प्रेस स्वतन्त्रता, पत्रकारको हक हित र पत्रकारिताको विकासका मुद्दा कायमै छ ।

कृष्णप्रसाद भट्टराईका अनुयायी, लोकतन्त्रको लागि स्थापना भएको पार्टीको नेतृत्वमा लामो समय सत्ता संचालन गर्दा पनि अवस्थामा आमूल परिवर्तन आउन नसक्नु विडम्बना हो । सत्तासंग काङ्ग्रेसले आफ्ना मूल्य र मान्यता विर्सेको छ। पत्रकारिता स्वतन्त्र हुनुपर्छ, नागरिकको अधिकारका मुद्दा र पत्रकारको हकहितका मुद्दा सरकारमा को छ भनेर उठाउन थालिएको छ । पत्रकारको पेसागत संगठनको नेतृत्व दलका नेताले तोकिदिने तिनैलाई अनुमोदन गरिदिने चलन बढेर गएको छ।पत्रकारले कस्तो नीति बनाउने र त्यो नीति कार्यान्वयन गर्न कस्तो नेतृत्व भन्ने बहस हुनुपर्ने हो । सरकारमा जुन जुन दलहरु हुन्छन तिनका भातृसंस्थाका मात्र पत्रकार महासंघको नेतृत्वमा छन।सत्ताको छायामा पत्रकार महासंघ पुगेको छ।नागरिकको अधिकार र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति लड्नुपर्नेमा सत्ता र साशकका गलत क्रियाकलापको विरोध गर्नेको विरुद्ध देखिने गरेको छ । अहिले पत्रकारिता कस्तो अवस्थामा छ ,चुनौतीको सामना कसरी गर्ने बारेमा चर्चा कम हुने गरेको छ।। पत्रकारका समस्या र पत्रकारिताको विकासका कुरा अझै परिस्कृत रुपमा उठाउनु पर्ने खाचो भएको छ । नेपालको हरेक नागरिक/प्रजातान्त्रिक आन्दोलनमा पत्रकारहरुको प्रतिनिधिमुलक संस्था नेपाल पत्रकार संघ हालको महासंघले सक्रिय भएर लागेको इतिहास छ ।

राजनीतिक दलहरुलाई समेत आन्दोलनमा लाग्न घचघच्याउने काम प्रेसले गरेको हो । लोकतान्त्रिक आन्दोलनको नेतृत्व दलहरुले नै गरे । आन्दोलनमा पत्रकारहरुले खेलेको भुमिकाको राजनैतिक दल र नागरिक समाजले मुक्त कण्ठले प्रशंसा गर्ने गर्दछन।राजनीतिक दल विपक्षमा हुँदा पत्रकार र पत्रकारिताको समस्यामा बोल्ने सत्तामा पुगेपछि बेवास्ता गर्ने गरेका छन । मौसमी बन्ने गरेका छन। नेपाली उखान खोलो तऱ्यो लौरो विर्सियो भने झैं पत्रकारका समस्या बिर्सने गरेका छन् । मैनबत्ती आफै जलेर अरुलाई उज्यालो दिएझै पत्रकारहरु भोको पेटले नागरीकको आवाज दिने गरेका छन् । मर्यादित र व्यावसायिक पत्रकारिताको लागि राज्य र निजी संचारगृहले पत्रकारलाई सहयोग गर्न सकेको छैन । पत्रकारले भौतिक र पेशागत सुरक्षाका लागि सडकमा आवाज उठाउँदै आएका छन् ।जब जब समस्या आउँछ तब पत्रकारलाई निस्कासन, तलब नदिने, कटौती गर्ने काम हुने गरेको छ । दुखको बेला साहस र राहत दिनुपर्नेमा आहात पार्ने काम हुने गरेको छ । जनतालाई सचेत र जागरुक बनाउनुपर्ने बेला जागिरबाट हटाउने, तलब घटाउने, नदिने काम हुँदा सरकार पनि पत्रकारको पक्षमा बोल्न नसक्ने रमिते बनेको छ । राजनीतिक दल पनि थाहै नपाएको जस्तो नाटक गर्ने गर्दछन ।

आधुनिक मुलुकको पत्रकारिता क्षेत्रमा हासिल गरेको उपलब्धिका बारेमा वहस गर्नुपर्ने बेलामा पुरानै कुरा दोहोऱ्याउनु परेको छ । राज्य र संचारगृह पत्रकारका हकहितप्रति उदासीन रहेको प्रमाण एउटै मुद्धा उठाइरहनु हो । सिंहदरबारमा केन्द्रीत रहेको अधिकार स्थानीय तहसम्म पुगेको छ । तर सिंहदरबारमा बस्नेको जस्तै व्यवहार गर्न थालेका छन् । आफुलाई सिंहदरबारको शासक जस्तो ठान्ने प्रवृत्ति बढेको छ । पत्रकारलाई राज्यले संबोधन गर्ला आर्थिक विकास र समृद्धिको बाटोमा हिडाउन प्रेसको महत्वपूर्ण भुमिका रहन्छ । नेपाललाई आधुनिक विश्वसँग एकाकार गराउन प्रेस स्वतन्त्रताको ग्यारेन्टी र पत्रकारको पेशागत र भौतिक सुरक्षा आवश्यक छ । पत्रकारको छाता संगठन नेपाल पत्रकार महासंघको झण्डामुनि मुलुकभर र संसारभर छरिएर रहेका नेपाली पत्रकारको अधिकार र स्वतन्त्रताको लागि पेशाप्रति ईमान्दार बन्नु आजको आवश्यकता हो । सत्ताको दास बनेर झर्ला र खाउँला भनेर बस्ने काम पत्रकार र पत्रकार महासंघको होइन । नागरिकको अधिकार सुरक्षित गर्ने, भयरहित वातावरण बनाउन सधैं खबरदारी गर्नुपर्छ । विवादरहित स्थापना दिवस र संस्थापक निर्णय सुनाउन जति सहज छैन । स्थापना दिवसको अवसरमा सबैलाई पत्रकार महासंघको इतिहास, अहिलेको जिम्मेवारी र नेपाली जनताले सधैं सम्झने नागरिक संस्था बनाउने प्रेरणा मिलोस सबैमा शुभकामना ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाब |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# रेडियो अन्नपूर्णको रक्तदान शनिवार, तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जले आगामि शनिवार आयोजना गर्नै २२ औ बृहत खुला रक्तदानको तयारी पुरा भएको छ ।

रेडियोले सामाजिक उत्तरदायित्व अर्न्तगत यसबर्ष पनि "स्वास्थ्यका लागि रक्तदान" भन्ने नाराका साथ बृहत खुल्ला रक्तदान कार्यक्रम आयोजना गर्न लागेको संयोजक राजाराम पौडेलले बताए। रक्तदान कार्यक्रमलाई सफल बनाउन विभिन्न समितिहरु समेत गठन गरिएको छ । रेडियोले हालसम्म ७ हजार ४ सय ९६ युनिट रगत संकलन गरिसकेको महा-प्रबन्धक नारायण पौडेलले जानकारी दिए । रक्तदान कार्यक्रममा सहकार्यको लागि पोखरा इन्टरनेट, एनआइसि एसिया बैंक,नबिल बैंक,नेपाल बैंक,श्री स्टील प्रा.लि, बृज एडिटिभिज, रुपाकोट सुनचादी दुकान, डि.एस टेड्स,सलिको इन्स्योरेन्स, इश्वर,राष्ट्रिय बाणिज्य बैंक, नेलम्बो नेपाल, लायन्स क्लब अफ स्मार्ट टाउन, एक्सपर्ट एजुकेशन एण्ड भिजा सर्भिसेज,सिजि फुड्स नेपाल रियो जुस, डावर नेपाल रियल जुस, माई बुक्स स्टेस्नरी, रोजिना अफसेट प्रेस,परिचय एडभटाइजिङ,पेन्गुइन मिनिरल वार्टर,तालबाराहि फार्मेसि रहेका छन् ।

रेडियोले २०५८ साल देखि नियमित रुपमा रक्तदान कार्यक्रम आयोजना गदै आइरहेको छ ।

# बागलुङका चार हजार चार सय विद्यार्थी एसइईमा सहभागी

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ चैत

बागलुङमा माध्यामिक शिक्षा परीक्षा (एसइई) मा सामेल हुने विद्यार्थीको सङ्ख्या बर्सेनि घट्दै गएको पाइएको छ । यद्यपि यो वर्ष चार हजार तीन सय ९९ जना विद्यार्थी सहभागी हुँदैछन् ।

बिहीबारदेखि हुने एसइई परीक्षामा बागलुङबाट चार हजार तीन सय ९९ विद्यार्थी सहभागी हुँदैछन् । गत वर्षको तुलनामा यस वर्ष एसइईमा सहभागी हुने विद्यार्थीको सङ्ख्या चार सय ३७ ले घटेको छ । तीन वर्षयताको तथ्याङ्कलाई हेर्ने हो भने विद्यार्थीको सङ्ख्या बर्सेनि घटेको पाइएको छ । शिक्षा विकास तथा समन्वय इकाइ बागलुङका अनुसार २०७८ सालमा चार हजार आठ सय ९३ जना एसइई परीक्षामा सहभागी भएका थिए । विसं २०७९ मा चार हजार आठ सय ३६ विद्यार्थी सहभागी भएका थिए । बर्सेनि परीक्षार्थीको सङ्ख्या घट्दै गएको र आगामी वर्ष चार हजारबाट अझै ओरालो लाग्ने अवस्था देखिएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख युक्तप्रसाद सुवेदीलेले बताउनुभयो ।

घट्दो जनसङ्ख्या, वैदेशिक रोजगारी र परिवार नै विदेश बस्नाले बर्सेनि विद्यार्थीको सङ्ख्या घट्दै गएको बताउनुभयो । "विद्यार्थीको सङ्ख्या घट्दो पाएका छौं, आगामी वर्षको दर्ता फाराम विश्लेषण गर्दा विद्यार्थी घट्ने स्पष्ट भएको छ,", उहाँले भन्नुभयो ।

बागलुङमा यस वर्ष एसइई परीक्षामा चार हजार तीन सय ९९ विद्यार्थी सहभागी हुँदैछन् भने सोमध्ये तीन जना दृष्टिविहीन, १० जना संस्कृत विद्यालयका र दुई सय २९ प्राविधिक विषय, ३४ खुलातर्फका विद्यार्थी रहेका शिक्षा विकास तथा समन्वय एकाइ बागलुङले जनाएको छ ।

जिल्लामा ३१ वटा परीक्षा केन्द्र कायम गरिएका छन् । परीक्षा सम्पन्न गर्न ३१ जना केन्द्राध्यक्ष चार सय ८९ सहायक केन्द्राध्यक्ष, निरीक्षक एक हजार नौ सय २८, परीक्षा सहायक पाँच सय २३, कार्यालय सहायक आठ सय ६७ जना र चार सय ६५ जना सुरक्षाकर्मी परिचालन हुनेछन् ।

# चिनियाँ पर्यटकको रोजाइमा बन्दीपुर

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ चैत

बन्दीपुरमा चिनियाँ पर्यटकको चहलपहल बढेको छ । पर्यटकका लागि घुम्ने याम सुरु भएसँगै विदेशी पर्यटकको आवागमनमा वृद्धि भएको हो । गत वर्षको तुलनामा यो वर्षको भदौ यता बन्दीपुरमा चिनियाँ पर्यटकको सङ्ख्या बढेको होटल व्यवसायी बैंस गुरुङले जानकारी दिनुभयो ।

"हप्ताको दुई/तीन दिन चिनियाँ पर्यटक करिब पाँच/छ सयका दरले आउने गरेका छन्", उहाँले भन्नुभयो, "जर्मनी, श्रीलङ्का, ताइवानी स्पेनलगायत देशबाट दैनिक दुई सयको हाराहारीमा पर्यटक आउने गरेका छन् ।" कोरोनाको समयपछि यहाँका होटल व्यवसायले विस्तारै गति लिन थालेकाले व्यवसायी उत्साहित भएर लागेको उहाँले बताउनुभयो । "पछिल्लो समय विदेशी पर्यटकको तुलनामा स्वदेशी पर्यटकको सङ्ख्या केही घटेको छ", उहाँले भन्नुभयो, "दैनिक करिब तीन सयको सङ्ख्यामा स्वदेशी पर्यटक आउने गरेका छन् ।"

### न्याराग्लाइडिङले पर्यटक बढे

त्यसैगरी साहसिक खेल प्याराग्लाइडिङले बन्दीपुरमा आन्तरिक एवं बाह्य पर्यटकको चहलपहल बढाएको छ । बन्दीपुरको भञ्ज्याङ चौताराबाट सिमलटारसम्म गरिने प्याराग्लाइडिङमा पर्यटकको आकर्षण बढेको हो । समुद्र सतहबाट एक हजार दुई सय मिटर उचाइमा रहेको भञ्ज्याङ चौताराबाट उडान सुरु भई करिब १०० मिटरसम्मको उचाइमा मुकुन्देश्वरी डाँडा छेउ हुँदै मनोरञ्जन लिन सकिनेछ । उडानका क्रममा बन्दीपुरको 'एरियल भ्यु'का साथै मर्स्याङ्दी उपत्यका धौलागिरिदेखि लाङ्टाङसम्मको एकैसाथ दृश्यावलोकन गर्न सकिन्छ ।

विगत पाँच वर्षदेखि यो प्याराग्लाइडिङ सञ्चालन हुँदै आएको छ। ब्लुस्काइ कम्पनीले प्याराग्लाइडिङ सञ्चालन गरी मनोरञ्जन प्रदान गर्दै आएको बन्दीपुर गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले जानकारी दिनुभयो । प्याराग्लाइडिङका लागि फागुन, चैत र वैशाख महिना उत्तम मौसम मानिने भएकाले पर्यटकको चहलपहल बढ्न थालेको हो । उक्त स्थानबाट ३०/४० जनासम्म उड्नसक्ने क्षमताको रहेको छ । उड्नुअघि गाउँपालिकाबाट अनुमति लिनुका साथै प्रतिव्यक्ति रु एक हजार राजस्व बुझाउनुपर्ने व्यवस्था रहेको उहाँले बताउनुभयो ।

# नयाँ वर्षमा बन्दीपुरमा सडक खाना महोत्सव

**पोखरापत्र संवाददाता**
दमौली, १५ चैत

नयाँ वर्ष २०८१ का अवसरमा तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा सडक खाना महोत्सव हुने भएको छ । बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि बन्दीपुर पर्यटन विकास समिति, क्षेत्रीय होटल सङ्घ, तनहुँ उद्योग वाणिज्य सङ्घ बन्दीपुर एकाइ र रेबान तनहुँको संयुक्त आयोजनामा यही चैत ३०, वैशाख १ र २ गते सडक खाना महोत्सवको आयोजना गरिएको हो ।

नयाँ वर्षलाई जिल्लाभित्रै बसेर स्वागत गर्न र बन्दीपुरको पर्यटन प्रवर्द्धन गर्ने प्रमुख लक्ष्यसहित सडक खाना महोत्सव आयोजना गरिएको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "बन्दीपुर तनहुँकै प्रमुख पर्यटकीयस्थल हो, नयाँ वर्ष मनाउन बाहिर जिल्ला जान नपरोस् भन्ने हेतुले सडक खाना महोत्सव आयोजना गरिएको हो, त्यतिबेला यहाँ तनहुँका मात्र नभई देशका विभिन्न जिल्लाबाट तथा विदेशी पर्यटकको समेत घुइँचो हुनेमा ढुक्क छौं ।" सडक खाना महोत्सवका अवसरमा विविध जातजातिका सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनेछ । मगर, नेवार, गुरुङ, ब्राह्मणलगायत अन्य जातजातिका सांस्कृतिक नाचलाई सडक खाना महोत्सवमा समावेश गरिने उहाँले बताउनुभयो । आन्तरिक पर्यटकका अलवा बन्दीपुरमा विदेशी पर्यटकको पनि उत्तिकै भीड हुन्छ । यहाँ विशेषगरी चिनियाँ पर्यटकको सङ्ख्या बढी हुन्छ । नेपाल आएका अधिकांश पर्यटक एक रात बस्नका लागि बन्दीपुर आउने गरेका छन् ।

यस वर्ष बन्दीपुरमा २६ देशबाट पर्यटक आएको तथ्याङ्क छ । बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्याण्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्याण्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्याण्ड, ताइवान, स्वीटजरल्याण्ड, मलेसिया, होल्याण्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाका पर्यटक आएको जनाइएको छ । बन्दीपुरमा आयोजना हुने सडक खाना महोत्सवले यहाँको पर्यटनमा टेवा मिल्ने होटल व्यवसायी वैश गुरुङ बताउनुहुन्छ। उहाँले भन्नुभयो, "बन्दीपुरमा नयाँ वर्षमा घुम्नका लागि पर्यटक आउनुहुन्छ, सडक खाना महोत्सवले उहाँहरूलाई थप आकर्षित गर्नेछ ।" बन्दीपुर घुम्न आउने पर्यटकलाई पर्यटकीय गन्तव्यसम्म सहज पहुँच स्थापना गर्न बन्दीपुर गाउँपालिकाले १७ पर्यटकीय गन्तव्यको सूची सात भाषामा तयार गरेपछि पर्यटकलाई थप सहज भएको छ । गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाका अनुसार गन्तव्यबारे जानकारी नेपाली, अङ्ग्रेजी, चाइनिज, जापनिज, कोरियन, फ्रेन्चलगायतका भाषामा तयार पारिएको छ ।

बन्दीपुरको थानीमाई मन्दिर, मणि मुकुन्देश्वरी पर्खाल (मिनी ग्रेटवाल), विन्ध्यवासिनी मन्दिर, पद्य पुस्तकालय, पातलेद्वार गुफा, पहाड पानी, सहिद स्मारक पार्कलगायतका १७ पर्यटकीय गन्तव्यको सूचना फरक-फरक भाषामा तयार गरिएको छ ।

सदरमुकाम दमौलीबाट १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । त्यहाँबाट मनोरम हिमश्रृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धवलागिरिलगायतका हिमशृङ्खला देखिने भएकाले यहाँ पुग्ने जो कसैको मन लोभिने गर्दछ । बन्दीपुरमा होटल सङ्घसँग आबद्ध साना ठूला गरी ७७ होटल सञ्चालनमा छन् । बन्दीपुरमा ग्रिनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, वोल्डइन, बन्दीपुर माउण्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिजेललगायत होटल सञ्चालनमा छन् । भक्तपुरे शैलीमा निर्माण गरिएका घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थल यहाँ आउने पर्यटकको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ ।

# म्याग्दीका किसान फलफूलखेतीमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ चैत

अन्नबाली लगाउँदा लगानीअनुसार प्रतिफल प्राप्त नभएपछि म्याग्दीका किसानले व्यावसायिक फलफूलखेती सुरु गरेका छन् । साथै उनीहरूले सागसब्जी पनि उमार्न थालेका छन् ।

बेनी नगरपालिका-२ का किसान क्षेत्रबहादुर कटुवालले परम्परागत रुपमा गर्दै आएको स्थानीय जातको धान र गहुँखेतीबाट अपेक्षित उत्पादन नभएपछि सागसब्जी र फलफूलखेती प्रारम्भ गर्नुभएको छ । त्यसैगरी सोही वडाका खिमबहादुर कार्की र दुर्गाबहादुर थापाले धान फल्ने खेतमा केराखेती गरेर परम्परागत खेतीबाट हुने आयभन्दा तीनगुणा बढी आम्दानी लिन सफल हुनुभएको छ । रोहोटेका हरिलाल घिमिरेले अन्नबालीको विकल्पमा मौसमी तथा बेमौसमी सागसब्जी फलाएर मनग्ये आम्दानी गरेको बताउनुभएको छ । उहाँका अनुसार खेतबारीमा गौरिया, गुडुरा, आँगा, जौ धानलगायत रैथाने धानको उत्पादन कम भएपछि अन्नबालीको साटो फलफूलखेती थालिएको हो । उहाँले भन्नुभयो, "आजकल रैथाने बाली लगाउन मन लाग्दैन । खाना स्वादिष्ट र पोषणयुक्त भए पनि लागतअनुसार उत्पादन नहुँदा गुजारा चलाउन धौधौ भएपछि वैकल्पिक खेती सुरु गरेको हुँ । मुश्किलले रु १२ हजारको अन्न उत्पादन हुने खेतबारीमा सागसब्जी र फलफूलखेती गरेपछि अहिले वार्षिक रु तीन लाखदेखि पाँच लाखसम्म आम्दानी हुने गरेको छ ।"

# श्रीकृष्ण मन्दिर सञ्चालक समिति र श्रीकृष्ण मन्दिर आमा समूहको अधिवशेन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १५ चैत




पोखरा १०, रामबजारस्थित् श्रीकृष्ण मन्दिर सञ्चालक समिति र श्रीकृष्ण मन्दिर आमा समूहको १४औं वार्षिक साधारण सभा तथा ७औं अधिवेशन समाजसेवी एवं वडा नं. १० का पूर्व वडा अध्यक्ष मनबीर गुरुङको प्रमुख आतिथ्यतामा भव्य र सभ्य रुपमा सम्पन्न भयो ।

माटेपानी स्थित एसआर केसी व्याङक्वीटको हलमा आयोजित उक्त समारोहमा विशेष अतिथिको रुपमा वडा नं. १० र १५ का वडा अध्यक्षहरु क्रमशः राजेश गुरुङ र तोरणबहादुर बानियाँ, धार्मिक व्यक्तित्व रबीन्द्र माकाजु, समितिका मानार्थ सदस्य महेश गुरुङ र रामबजार सोसाइटी यु.के.का सल्लाहकार डा. चन्द्रबहादुर गुरुङले शुभकामना मन्तव्य दिनुभएको थियो । सञ्चालक समितिका अध्यक्ष ज्ञानबहादुर थापा र आमा समूहकी अध्यक्ष कमला गुरुङको संयुक्त अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा आमा समूहका सदस्यहरु र स्थानीय कलाकारहरुद्वारा प्रस्तुत आकर्षक नृत्यहरुले थप मनोरन्जन प्रदान गरेको थियो ।

सोही अवसरमा तीन जनालाई समितिको आजीवन सदस्यको प्रमाणपत्र पनि प्रदान गरियो । उक्त समारोहमा समितिका प्रथम उपाध्यक्ष विश्व तण्डुकारले स्वागत मन्तव्य र द्वितीय उपाध्यक्ष प्रितम गुरुङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । विहानको खानापछि आरम्भ भएको दोस्रो सत्रमा समितिका सचिव रोशन थापा र आमा समूहकी सचिव सरीता रानाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो भने समितिका कोषाध्यक्ष जयन्द्रकुमार राजभण्डारी र आमा समूहकी कोषाध्यक्ष देवु थापाले आ-आफ्नो आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

दुवै संस्थाको अधिवेशन भएकोले निर्वाचन समितिका संयोजक एवं सल्लाहकार शिरपति शर्मा लामिछाने र सदस्यद्वय एवं आमा समूहकी पूर्व अध्यक्षहरु मीना भण्डारी र अम्बिका राजभण्डारी रहेको निर्वाचन समितिले आवश्यक प्रक्रिया पुरा गरी उपस्थित सभासद्हरुको सर्वसम्मत सहमतिमा आगामी आ.व. २०८०/०८२ को लागि तपसिलका महानुभावहरुलाई मन्दिर सञ्चालक समिति र आमा समूहको कार्यसमितिमा चयन गरी घोषण गरियो ।

# लोकमार्ग छेउछाउमा बढ्दै बस्ती

डम्मर बुढामगर
ढोरपाटन, १५ चैत/ रासस

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गले बागलुङ जिल्ला प्रवेशद्वार मालढुङ्गाबाट पूर्वीरुकुम र रोल्पाको सिमाना पातीहाल्नेसम्म जोडेको छ । उक्त लोगमार्ग बागलुङ, गलकोट र ढोरपाटन नगरपालिका तथा काठेखोला, बडिगाड र निसीखालोला गाउँपालिकाको मध्यभागबाटै चिरेर गएको छ । लोकमार्गसँग जोडिएपछि पछिल्लो आधा दशकयता धेरै ठाउँमा बस्ती विस्तार हुँदै गएका छन् ।

बागलुङमा करिब एक सय ४२ किलोमिटर फैलिएको लोकमार्गले काठेखोलाको बिहुँ खण्डअन्तर्गत १२ किमीबाहेक सबै कालोपत्र भइसकेको छ । लोकमार्ग विस्तार र स्तरोन्नति भएसँगै छेउछाउमा बस्ती निर्माण हुँदै गएका छन् । बागलुङ दशकौँ अगाडि पनि बजार र बाक्लो बस्ती भएको क्षेत्र थियो । पछिल्लो समय काठेखोलाको अक्षते, गलकोटको हटिया, बडिगाडको हाँडीखोला, खर्बाङ, न्वारा, खौलारा, खारा, भीमगिठे, निसीखोलाको देवीस्थान, खाडु, जुग्जाखोला, ढुवाखोर, झिवाखोला, कानाबर, निसी, भल्कोट, सीप हुँदै पातीहाल्नेमा पनि बस्ती विस्तार हुँदै गएका हुन् ।

विकासको दृष्टिकोणमा पश्चिम बागलुङका सबै पालिका पछाडि रहेकामा मध्यपहाडी लोकमार्गसँग जोडिएपछि यहाँ विकासले गति लिन थालेको स्थानीय पदमबहादुर खत्रीले बताउनुभयो । उहाँका अनुसार पछिल्ला केही वर्षयतादेखि बढ्दो बसाइँसराइ कम भएको छ ।

जिल्लाकै सबैभन्दा विकट मानिने निसीखोला क्षेत्रका लागि लोकमार्ग वरदान सावित भएको छ । धेरैजसो ठाउँमा बस्तीसँगै बजारसमेत बस्न थालेका छन् । बस्ती विस्तार हुन थालेपछि लोकमार्ग छेउछाउका जग्गाको मूल्यसमेत आकासिएको स्थानीय बताउँछन् । गलकोटको हटियामा एक दशक अगाडि थोरै घर र सानो बजार थियो । बजार नजिकका जग्गामा धानखेती हुन्थ्यो । अहिले धान उत्पादन हुने खेत ठूला-ठूला कङ्क्रिटका घरले भरिएका स्थानीय खत्रीले बताउनुभयो । उहाँका अनुसार जिल्लाको तेस्रो ठूला बजारका रूपमा हटिया क्षेत्र विस्तार भएको छ । घर तथा अन्य भौतिक संरचना निर्माणका लागि खाली जग्गा पाउनै गाह्रो हुन थालेको उहाँ बताउनुहुन्छ ।

करिब १५ वर्ष अगाडिसम्म सुनसान हुने हटिया बजारमा अहिले चहलपहल निकै बढेको खत्रीले बताउनुभयो । लोकमार्गले जोडिएर कालोपत्र भएपछि गाउँबाट धमाधम हटिया झरेर बस्न थालेका उहाँले बताउनुभयो । "विकास हुन धेरै समय लाग्दोरहेनछ । हेर्दाहेर्दै हटिया घरैघरले ढाकिएको छ । साँघुरो ठाउँ थियो, अहिले यहाँ खाली जग्गा कतै देखिँदैन । बजार परका खेत पनि घरले भरिन थालेका छन्", खत्रीले भन्नुभयो, "पहिला खेती हुने ठाउँ सबै मासेर अधिकांशले घर बनाउन थालेका छन्, विकास र सुविधाले बस्ती बाक्लिँदै छ ।" काठेखोला गाउँपालिका-२ अक्षतेमा डेढ दशक अगाडिसम्म धान, गहुँ र तोरी फल्ने खेत थियो । दुई-चार साना छाप्रा थिए । अहिले बजारको स्वरुप लिएको छ । जिल्ला सदरमुकाम बागलुङ बजारबाट सबैभन्दा नजिकको बजारका रूपमा लिइने अक्षतेको पछिल्लो एक दशकमा मुहार फेरिएको छ । लोकमार्ग छेउमै रहेको अक्षते ग्रामीण क्षेत्रको व्यापारिक केन्द्रका रूपमा विस्तार हुँदै गएको छ । काठेखोला गाउँपालिकाअन्तर्गतका गाउँहरू यही बजार हुँदै जानु पर्दछ । विसं २०५४ मा सडक सञ्जालसँग जोडिएको अक्षेत बजारमा लामो समयसम्म बस्ती विस्तार हुनसकेको थिएन । अहिले यहाँ घर, ठुल्ठूला भवन बन्ने र बजार विस्तार तीव्रगतिमा भइरहेको स्थानीय मेखबहादुर भण्डारीले बताउनुभयो । कुनै बेला दैनिक उपभोग्य सामान किनमेल गर्न टाढा-टाढा पुग्नुपर्नेमा अहिले घरघरमै पाउन थालेको उहाँले भन्नुभयो । अहिले अक्षते बजार काठेखोला गाउँपालिकाको पाला, भीमापोखरा, बिहुँ, तङ ग्राम, धम्जालगायत गाउँका स्थानीयको नजिकको बजार बनेको भण्डारीले बताउनुभयो । गाउँ सडक सञ्जालसँग जोडिन थालेपछि चहलपहल बढ्न थालेको छ । स्थानीय भण्डारीले उदयीमान सहरका रूपमा विकास हुँदै गएको अक्षतेलाई व्यवस्थापन गर्न अहिलेदेखि नै स्थानीय निकायले पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । हरेक वर्ष नयाँ घर बन्ने क्रम बढेको सुनाउँदै ढल व्यवस्थापन, खानेपानी तथा पूर्वाधार विकास, नक्सा पासलगायतका कामको सुरुआत गर्नुपर्ने उहाँले बताउनुभयो ।

"विकासको मेरुदण्ड सडक रहेछ, जब सडकले यो ठाउँ जोडियो, त्यसपछि यहाँ विकाससँगै बस्ती विस्तार हुँदै गए । अक्षते पहिलेको तुलनामा धेरै परिवर्तन भएको छ, यहाँ सडक आएपछि मात्रै विकासको सुरुआत भएको हो । यसअघि नुन, तेललगायत दैनिक उपभोग्य वस्तु ल्याउन पर्वतको कार्कीनेट वा बागलुङ बजार पुग्नुपर्थ्यो", उहाँले भन्नुभयो, "अहिले पहिलेजस्तो समस्या छैन, सबै सेवा सुविधा घरै अगाडि आएका छन् ।" बागलुङमा लोकमार्गको सबैभन्दा बढी खण्ड करिब ४० किमी निसीखोला गाउँपालिकामा पर्दछ । पाखुट्टेबाट पातीहाल्नेसम्म करिब दर्जन स्थानमा बजार बन्न थालेका छन् । निसीखोलाकै सबैभन्दा ठूला बजारका रुपमा झिवाखोलालाई लिइन्छ । झिवाखोला एक दशक अगाडिसम्म सुनासन थियो । स-साना काठ, माटो र ढुङ्गाले बनेका घर थिए । व्यापारीहरूले त्यही साना घरटहरामा दोकान राखेर सामान बिक्री वितरण गर्दथे । मध्यपहाडी लोकमार्गले जोडिएसँगै यातायातका साधन सञ्चालनले व्यापार, व्यवसायका साथै पूर्वाधार निर्माणमा सहजता थपेको छ । यसअघि निसीखोलाको माथिल्लो भाग सबै धानखेत थियो । अहिले धानखेत घर तथा भवनले भरिएका छन् ।

पूर्वीरुकुम र रोल्पाको प्रवेशद्वारका रूपमा रहेको झिवाखोला पनि पछिल्लो समय व्यापारिक केन्द्रका रूपमा विकास हुँदै गएको स्थानीय प्रेम पौडेलले बताउनुभयो । विकासका हिसाबले अझै पूर्वाधार निर्माण हुन बाँकी रहे पनि बसाइँसराइ रोकिएको र बाहिरी मानिसको आकर्षण बढेको उहाँ बताउनुहुन्छ । लोकमार्गले गर्दा सहरबजारमा पाइने सुविधा यहीँ पाउन थालेपछि गाउँबाट यहाँ झर्नेहरू बढेका पौडेलले बताउनुभयो । लोकमार्गले झिवाखोला बजार नजोडिँदा यहाँ खेतको मूल्य निकै कम पर्ने गरेको सुनाउँदै अहिले मूल्य आकासिएर छोइ नसक्नुभएको उहाँले जानकारी दिनुभयो । "पहिले साना किराना पसलमात्रै थिए, त्यो पनि घोडा खच्चडमा सामान लिएर बेच्ने गर्थे, मानिसको आवतजावत पनि निकै कम थियो । अहिले बजार क्षेत्रमा मानिसको भीडभाड बढ्न थालेको छ, किनमेल गर्नेदेखि लोकमार्ग हुँदै रोल्पा रुकुम जानेहरू दैनिक यहाँ आउने गर्छन्", पौडेलले भन्नुभयो, "पहिलेको तुलनामा व्यापार पनि केही बढेको छ । यहाँ वरपर घरघडेरी किन्ने र बाहिरी ठाउँबाट बसाइँसराइ गरी आउने पनि बढेका छन् ।"

सबैभन्दा दुर्गम गाउँका रूपमा लिइने निसीमा पनि अहिले बजार बनेको छ । पहिले बुटवल, तानसेनलगायत ठाउँबाट सामान बोकेर उपभोग गर्ने गरिएकामा अहिले घर-घरमै पसल सञ्चालन हुन थालेका निसीवासी बताउँछन् । लोकमार्ग भएर पूर्वबाट पश्चिमतर्फ दैनिक दर्जनौँ गाडी गुड्छन् । पूर्वाधार विकास, सडक सञ्जाल विस्तारसँगै दुर्गम गाउँको परिचय बदलिँदै गएको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१, वेलडाँडामा सामुदायिक भवन निर्माण गर्दा भएको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पादर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : वेलडाँडा सामुदायिक भवन निर्माण
**उपभोक्ता समितिको नाम** : वेलडाँडा सामुदायिक भवन निर्माण व्यवस्थापन समिति, पोखरा-२१, कास्की
**योजना सम्झौता मिति** : २०८०/०८/२८ गते
**काम सुरु मिति** : २०८०/०८/२९ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/१२/१० गते
**महानगरपालिकाबाट** : रु. ५,००,०००/-
**जनसहभागिता** : रु ६६,६२३/७६
**जम्मा लागत** : रु ५,६६,६२३/७६

**ऋषिराज आचार्य**
अध्यक्ष
**वेलडाँडा सामुदायिक भवन निर्माण व्यवस्थापन समिति**
पोखरा-२१, कास्की



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७ पंडित थर आमा समूह कृयापुत्री भवन ट्रस निर्माण एवं दायाँ वायाँ उकालो बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः पंण्डित थर आमा समूह कृयापुत्री भवन ट्रस निर्माण एवं दायाँ वायाँ उकालो बाटो ढलान
ठेगानाः पोखरा-२७, पंडित थर
योजना सम्झौता मितिः २०८०/०९/२६ गते
योजना शुरु मितिः २०८०/०९/२७ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. ६,६६,०००/-
महानगरपालिकाबाटः रु. ६,००,०००/-
जनसहभागिताबाटः रु.६६,०००/-
उपभोक्ता समितिका अध्यक्षः विष्णु कुमारी के.सी.
सम्पर्क नं.: ९८४६०५०४२१
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ५, पुरुषः २

**पंण्डित थर आमा समूह कृयापुत्री भवन ट्रस निर्माण एवं दायाँ वायाँ उकालो बाटो ढलान पोखरा-२७, पंडित थर**


# चैते दसैँमा राष्ट्रियस्तरको कालिका कप भलिबल

पोखरापत्र संवाददाता
बागलुङ, १५ चैत

कालिका भगवती गुठी व्यवस्थापन समितिको आयोजनामा रु तीन लाख राशिको कालिका कप भलिबल प्रतियोगिता यही चैत ३० गतेदेखि हुने भएको छ ।

'गन्तव्य बागलुङ कालिकाः कला र संस्कृतिको प्रवर्द्धन-स्थानीय उत्पादन, व्यापार र पर्यटन प्रवर्द्धन' नाराका साथ आयोजना हुने चैते दसैं मेलाका सन्दर्भमा भलिबल प्रतियोगिता हुन लागेको हो । समितिका अनुसार राष्ट्रिय खेलाडी सहभागी हुने प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने समूहलाई रु तीन लाख नगद पुरस्कार प्रदान गरिनेछ । खेलमा द्वितीय हुने समूहलाई रु एक लाख ५० हजार र तृतीय टोलीलाई रु एक लाख प्रदान गरिनेछ । सर्वोत्कृष्ट र अनुशासित खेलाडीलाई रु पाँच हजार बाट पुरस्कृत गरिनेछ । आगामी वैशाख ६ गतेसम्म सञ्चालन हुने मेलामा पाँच लाख धार्मिक पर्यटक भित्रिने र एक करोडभन्दा बढीको आर्थिक कारोबार हुने अपेक्षा गरिएको छ ।

म े ल ा म ा लोकदोहोरी प्रतियोगिता, माध्यमिक विद्यालयस्तरीय सामूहिक नृत्य प्रतियोगिताको आयोजना गरिने जनाइएको छ । राष्ट्रिय लोकदोहोरी प्रतियोगितामा प्रथम हुने टोलीलाई नगद रु दुई लाख पुरस्कार र द्वितीय हुनेलाई रु एक लाख र तृतीय हुनेलाई रु ५० हजार र उत्कृष्ट स्वरका महिला-पुरूष तथा उत्कृष्ट वेषभूषा महिला-पुरूषलाई रु पाँच हजार नगद पुरस्कार प्रदान गरिनेछ ।

# बालश्रम न्यूनीकरणमा पोउवा संघको सामाजिक विकास केन्द्र

पोखरापत्र संवाददाता
पोखरा, १५ चैत



पोखरा उद्योग वाणिज्य संघअन्तर्गतको सामाजिक विकास केन्द्रले बालश्रम न्यूनीकरणसहित संचालित विभिन्न कार्यक्रमका सरोकारवालाहरुसँग अन्तर्क्रिया सम्पन्न गरेको छ ।

संचालति कार्यक्रमहरुलाई कसरी प्रभावकारी बनाउने भन्ने उद्धेश्यले सुझाव संकलन गर्नको लागि सो कार्यक्रम आयोजना गरिएको सामाजिक विकास केन्द्रका संयोजक एवं पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजेन्द्रकुमार लालचनले बताए । बिहीबार आयोजित कार्यक्रममा बोल्दै उनले सामाजिक विकास केन्द्रले विगतदेखि संचालनमा ल्याएको बालश्रम न्यूनीकरण कार्यक्रमकै कारण पोखरामा बालबालिकालाई निकृष्ट प्रकारका श्रममा लगाउने कार्यमा कमी आएको जिकिर गरे । कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति कास्कीका प्रमुख लीलाधर पौडेलले बालश्रम न्यूनीकरणको लागि स्थानीय सरकारहरु बढी क्रियाशिल हुनुपर्ने बताए । उनले एउटा कुरा भन्ने र अर्को कुरा गर्ने प्रवृत्तिका कारण समस्या उत्पन्न भएको बताउँदै साझा सरोकारका सवालहरुमा सहकार्य जरुरी भएको पनि बताए ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले निकृष्ट प्रकारका बालश्रम न्यूनीकरणमा सबैको हातेमालो जरुरी भएको बताए ।

पोखराउद्योगवाणिज्यसंघका महासचिव बलराम आचार्यको संचालन रहेको कार्यक्रममा बोल्दै पोखरा ११ का वडाध्यक्ष प्रेम कर्माचार्यले वडाले पढाइबाट बञ्चित भएका बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था गरेको बताए । कार्यक्रममा इन्सेक पश्चिमाञ्चल प्रमुख शिव खकुरेल,कन्या क्याम्पस पोखरामा प्रमुख सुरेश मानन्धर,पृथ्वी होटल व्यवसायी समितिका अध्यक्ष अम्बिका घिमिरे,पोखरा महानगर सामाजिक विकास महाशाखाकी अधिकृत विष्णुमाया पौडेल,राम प्राविका प्राचार्य तीर्थराज न्यौपाने,जिल्ला प्रहरी कार्यालय कास्कीका बरिष्ठ हवल्दार गौतम श्रेष्ठलगायतले विभिन्न सुझावहरु प्रस्तुत गरेका थिए ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सामाजिक विकास केन्द्रका सुपरभाइजर सफल बरालले हाल संचालित परियोजनाको लक्ष्य र कार्य प्रगति विवरण पेश गरेका थिए । उनका अनुसार सामाजिक विकास केन्द्रले किडासालगायतका दाताहरुको सहयोगमा बालश्रम न्यूनीकरण,जीविकोपार्जन तथा शिक्षालगायतका ४ वटा कार्यक्रम संचालन गरिरहेको छ । उनका अनुसार अहिले पोखरामा करिब १ हजार ३६९ जना बालश्रमिकहरुको पहिचान भएको छ । तीमध्ये ५७२ जना विभिन्न वर्कसपमा कार्यरत छन् । मोटर तथा मोटरसाइकल वर्कसपमा काम गर्ने अधिकांश बालकहरु भारतीय रहेकाले उनीहरुलाई कामबाट छुटाउन र परिवारको जिम्मा लगाउन नसकिएको पनि उनले सुनाए । ती बालकहरुलाई कार्यस्थलमै पुगेर शिक्षा प्रदान गरिरहेको उनको भनाइ छ ।


## कर्जा तिर्न आउने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८०/१२/१६)**

यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.को पोखरा -९ नयाँबजार कास्कीको तपशिल बमोजीम उल्लेखित ऋणीले घर /जग्गा कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको समयावधि भित्रमा तिर्नु, बुझाउनुपर्ने रकम तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तार ताकेता गर्दा साथै मिति २०८०/१०/२४ गते पोखरापत्र राष्ट्रिय दैनिकमा ३५ (पैतिस) दिने र मिति २०८०/१२/१ गते १५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीले कर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता/ भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र सहकारी संस्थालाई तिर्नु/बुझाउनेपर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जना र ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस सहकारी संस्था बिच भएको लिखितको शर्तअनुसार ऋणी तथा धनजमानीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा संस्थाको नाममा धितोबन्धकमा राखिएको घर /जग्गा नियन्त्रणमा लिई लिलाम बिक्री गर्नुका साथै नपुग रकम ब्यक्तिगत धनजमानी दिने तपसिलका व्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको हक लाग्ने चल अचल सम्पतीबाट समेत जिल्ला अदालतमा मुद्दा चलाई चल र अचल सम्पती बिक्री गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा धनजमानीलाई यसै सूचनाद्धारा जानकारी गराउँदछौं ।

**तपशील**

**ऋीणीको नाम : रजनी श्रेष्ठ**
बुबा : ओम कुमार श्रेष्ठ
श्रीमान : चक्र बहादुर श्रेष्ठ
ससुरा : मान बहादुर
ठेगाना : पोखरा-४ गैह्रापाटन, कास्की मझेरीपाटन, कास्की



**धन जमानीको नाम : चक्र बहादुर श्रेष्ठ**
बुबा : मान बहादुर नगरकोटी
बाजे : चक्रमान नगरकोटी
ना.प्र.प.: ४२३५/धादिङ
मितिः २०५०/११/०८
ठेगाना : पोखरा -४, गैह्रापाटन
व्यवसाय : रिदम टुर्स एण्ड टाभिल्स गैह्रापाटन, पोखरा-४



**धन जमानीको नाम : सबिता कर्माचार्य**
बुबा : भक्त मान श्रेष्ठ
बाजे : भिम नारायण श्रेष्ठ
श्रीमान : प्रबिन कर्माचार्य
ना.प्र.प.:४६१००१/१७१७७ कास्की
मितिः २०६८/०८/०९
ठेगाना : पोखरा -९, बगालेटोल, कास्की



धन जमानीको नाम : ऋचा श्रेष्ठ
बुबा : चक्र बहादुर श्रेष्ठ
बाजे : मान बहादुर नगरकोटी
ना.प्र.प.: ४६-०१-७५-०६६३०
कास्की मितिः२०७५/१०/०२
ठेगानाः पोखरा ४,गैह्रापाटन, कास्की



**धितो विवरण**

| क्र.स | घर/जग्गा धनी | घर/जग्गा रहेको ठेगाना | कि.न | क्षेत्रफल/वर्गमीटर |
|---|---|---|---|---|
| १ | **रजनी श्रेष्ठ** ना.प्र.नं. ४६-०१-७३-०७६१० मितिः २०७३/०९/०५ कास्की | पोखरा -१८, कास्की | ७१ | ०-०-०-०/ १५५.९७ |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।**

**महालक्ष्मी आर्थिक सहकारी संस्था लि.**
**पोखरा -९, नयाँबजार, कास्की**
**फोन नं. : ०६१-५८९३९१**